# आज नेपालले लाओसविरुद्ध खेल्दै

## ५ नयाँ खेलाडी टोलीमा सामेल

**नेपाल समाचारपत्र, काठमाडौं**

नेपाली राष्ट्रिय फुटबल टोलीले एएफसी एसिया कप छनोटअन्तर्गत अन्तिम खेलमा आज लाओसविरुद्ध खेल्दैछ। यस खेलका लागि ५ जना नयाँ अनुहार समेटिएको छ। यस खेलका लागि मुख्य स्ट्राइकर अन्जन विष्टलाई भने सामेल गरिएको छैन। यसैगरी दिनेश हेन्जन र गोलकीपर दीप कार्कीलाई पनि किनारा गरिएको छ।

खेलअघि आयोजित प्रिम्याच कन्फ्रेन्समा नेपाली टोलीका मुख्य प्रशिक्षक गुग्लिएल्मो एरेनाले टोलीमा युवा र अनुभवी खेलाडीको सन्तुलन रहेको बताए।

उनले युवा खेलाडीलाई अवसर



दिनु पनि आफ्नो उद्देश्य रहेको भन्दै बताए- 'हामी युवा र अनुभवी खेलाडीको सन्तुलनसहित लाओस आएका छौं। मेरो लक्ष्य युवा खेलाडीलाई अवसर दिनु हो। त्यसैले ५ खेलाडीलाई पहिलो पटक राष्ट्रिय टोलीमा समावेश गरिएको छ। लाओस राम्रो टोली हो, तर हामी यस खेलका लागि तयार छौं र जितसहित सुखद अन्त्य गर्ने प्रयास गर्नेछौं।'

एरेनाले यस खेलका लागि सामेल गरेका ५ युवा खेलाडीहरू स्ट्राइकर युवराज खड्का र मिलन राई, मिडफिल्डर पेम्बा दोर्जे लामा र रोमन भुजेल तथा गोलकीपर योगेश धिमाल हुन्। कप्तानमा राष्ट्रिय टोलीका नियमित गोलकीपर किरण चेम्जोङलाई यथावत राखिएको छ।

चेम्जोङले जित लक्ष्य भन्दै बताए -'मैदानमा उत्रिएपछि जित निकाल्नु नै हाम्रो प्रमुख लक्ष्य हुन्छ। टोलीले राम्रो तयारी गरेको छ र हामी प्रशिक्षकको रणनीतिअनुसार खेल्नेछौं।'

यो खेल नेपालको घरेलु मैदानमा हुनुपर्ने थियो। तर, दशरथ रंगशाला एएफसीबाट अयोग्य ठहर भएपछि नेपाली टोलीले लाओसमा खेल्नु पर्ने भएको हो।

### हेड टू हेड

हालसम्म नेपाल र लाओसबीच ६ पटक प्रतिस्पर्धा भएको छ। ती खेलमध्ये नेपालले ४ जितेको छ भने लाओसले एक खेल जितेको छ। एक खेल बराबरीमा सकिएको थियो। लाओसले जितेको सो एक खेल यसै प्रतियोगिताको पहिलो लेगमा आएको नतिजा हो। लाओसले नेपाललाई २-१ ले पराजित गरेको थियो।

समूह 'एफ' मा ५ खेलमा ३ अंक जोडेका दुबै टोली नेपाल र लाओस यसअघि नै एएफसी एसिया कप २०२७ को दौडबाट बाहिरिसकेका छन्। नेपालको ३ अंक पनि मलेसियाविरुद्धको उल्टिएको नतिजामा प्राप्त अंक हो। मलेसियासँग हारेपनि यो खेलमा मलेसियाले ७ जना खेलाडीको नक्कली डकुमेन्ट भेटिएको हुँदा यस खेलमा नेपाललाई ३-० को जितको नतिजा दिइएको थियो।

### २३ सदस्यीय नेपाली टोली

**३ गोलकीपर : किरणकुमार लिम्बू, विशाल सुनार र योगेश धिमाल**

**८ डिफेन्डर: रोहित चन्द, अभिषेक लिम्बू, सनिस श्रेष्ठ, सुमन श्रेष्ठ, अनन्त तामाङ, सुमित श्रेष्ठ, बिमल पाण्डे, योगेश गुरुङ**

**८ मिडफिल्डर: रोहन कार्की, कृतिशरत्न छुन्जु, मणिकुमार लामा, मनिष डाँगी, आयुष घलान, पेम्बा दोर्जे लामा, रोमन भुजेल, दीपेश गुरुङ,**

**४ फरवार्ड: जिलेस्पीजंग कार्की, आदित्य शाक्य, युवराज खड्का, मिलन राई**

# कार्कीको ललितपुरदेखि उत्तरप्रदेशसम्मको दौड पूरा

काठमाडौं, (नेस)। धावक रामसुन्दर कार्कीले ललितपुरदेखि भारतको उत्तरप्रदेशस्थित अयोध्या मन्दिरसम्मको आफ्नो दौड यात्रा पूरा गरेका छन्। करिब ४ सय ५० किलोमिटर दूरी ५५ वर्षीय कार्कीले चैत १३ गते रामनवमीका दिन पूरा गरेको जनाएका छन्। एकतर्फी दौड पूरा गरी कार्की आइतबार स्वदेश फर्किएका छन्।



गोदावरी नगरपालिका वडा १, गोदामचौरस्थित कार्कीटारमा आफैले निर्माण गरेको हनुमान मन्दिरमा २७ फिट अग्लो पित्तलको गदा निर्माणका लागि सहयोग संकलन गर्ने अभियानलाई निरन्तरता दिन कार्कीले अयोध्यासम्मको दौड यात्रा गरेका हुन्।

कार्की यसअघि ललितपुरदेखि जनकपुर पाँचपटक, काठमाडौंदेखि दोलखा ३ पटक, काठमाडौं बुटवल १ पटक, काठमाडौंदेखि सिन्धुली ३ पटक र काठमाडौंदेखि उत्तर प्रदेश १ पटक दौडेर पुगेका थिए।

त्यस्तै उनले काठमाडौंदेखि भारतको पश्चिम बंगाल हुँदै भुटानको सिमाना फुन्छिलिङसम्म दौडेका थिए। कार्कीका अनुसार २०६४ सालमा १ सय १ दिन लगाएर नेपालको तत्कालीन ७५ जिल्लानै दौडेर पुगेका थिए।

# अप्रिल १ देखि विश्वकपको अन्तिम चरणको टिकट बिक्री खुल्ने

## ५० करोड आवेदन, १० लाख टिकट बिक्री

**वाशिंगटन, (एजेन्सी)**

विश्व फुटबलको कुम्भमेला 'फिफा विश्वकप २०२६' को अन्तिम चरणको टिकट बिक्री अप्रिल १ देखि औपचारिक रूपमा सुरु हुने भएको छ।

फुटबलको सर्वोच्च निकाय फिफाले यसपटक 'पहिलो आउनेले प्राथमिकता पाउने' (फर्स्ट कम, फर्स्ट सर्व) आधारमा सर्वसाधारणका लागि टिकट खुला गर्न लागिएको हो। यसअघि डिसेम्बरदेखि फेब्रुअरीसम्म सञ्चालित पहिलो चरणको बिक्रीमा १० लाखभन्दा बढी टिकट बिक्री भइसके भने ५० करोडभन्दा बढीले टिकटका लागि आवेदन दिएर विश्वकपप्रतिको अभूतपूर्व चासो पुष्टि गरिसकेका छन्।

सन् २०२६ को जुन ११ देखि जुलाई १९ सम्म अमेरिका, मेक्सिको र क्यानाडाले संयुक्त रूपमा आयोजना गर्न लागेको यो विश्वकप इतिहासकै सबैभन्दा बृहत हुने अपेक्षा गरिएको छ। ४८ टोली सहभागी हुने यस संस्करणमा कूल १०४ खेलहरू हुनेछन् र फिफा




अध्यक्ष जियानी इन्फान्टिनोले सबै खेलहरूमा रंगशाला 'हाउसफुल' हुने र दर्शकको माग विगत एक हजार वर्षकै उच्चस्तरमा रहेको दाबी गरेका छन्।

अप्रिल १ देखि सुरु हुने अन्तिम चरणमा फ्यानहरूले फिफाको वेबसाइटमार्फत वास्तविक समय (रियल टाइम) मा उपलब्ध खेलहरू हेर्न, रंगशालाको नक्साअनुसार आफ्नो मनपर्ने सिट छनोट गर्न र तुरुन्तै भुक्तानी गरी टिकट सुरक्षित गर्न सक्नेछन्।

यसका साथै, अप्रिल २ देखि फिफाले आधिकारिक 'रिसेल एण्ड एक्सचेन्ज मार्केटप्लेस' पनि पुनः सञ्चालनमा ल्याउनेछ। जसले गर्दा टिकट खरिद गरिसकेका तर खेलमा सहभागी हुन नसक्ने दर्शकले सुरक्षित रूपमा आफ्नो टिकट अरूलाई हस्तान्तरण गर्न सक्नेछन्। यसले कालोबजारी र ठगी नियन्त्रण गर्न मद्दत पुग्ने फिफाको विश्वास छ।

आयोजकहरूले यसपटक सन् १९९४ मा अमेरिकाले नै कायम गरेको ३५ लाख दर्शकको रेकर्ड तोडिने अपेक्षा गरेका छन्। एट्लान्टा जस्ता प्रमुख आयोजक सहरहरूले विदेशी पर्यटकहरूको चापलाई मध्यनजर गर्दै स्थानीय पूर्वाधार र यातायात व्यवस्थालाई तीव्रता दिएका छन्।

यद्यपि, विश्वकपको टिकट दरलाई लिएर फुटबल प्रेमीहरूमाझ केही असन्तुष्टि र आलोचना पनि देखिएका छन। समूह चरणका खेलहरूका लागि न्यूनतम १ सय ४० अमेरिकी डलर तोकिएको छ भने फाइनल खेलको टिकट दर ८ हजार ६ सय ८० डलरसम्म पुऱ्याइएको छ। जुन धेरैका लागि महँगो सावित भएको छ।

टिकट सँगसँगै फिफाले अन्तर्राष्ट्रिय दर्शकहरूलाई भिसा प्रक्रिया र यात्रा व्यवस्थाहरू बेलैमा मिलाउन पनि आग्रह गरेको छ। विशेषगरी अमेरिका आउने दर्शकका लागि फिफाको समर्थनमा द्रुत भिसा प्रक्रियाको समेत व्यवस्था गरिएको छ। उत्तर अमेरिकाका तीन राष्ट्रले पहिलोपटक आयोजना गर्न लागेको यो ऐतिहासिक फुटबल महोत्सवले खेलकुदको क्षेत्रमा मात्र नभई सांस्कृतिक र आर्थिक रूपमा पनि ठूलो प्रभाव पार्ने निश्चित छ।

नेपाल सरकार
उर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालय
जलस्रोत तथा सिंचाई विभाग
रानी जमरा कुलरिया सिंचाई आयोजना
टिकापुर, कैलाली

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/१२/१७)

यस आयोजना अन्तर्गत तपसिल अनुसारको ठेक्कामा उल्लेखित कार्यको लागि मिति २०८२/११/११ गते हिमालयन टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार तोकिएको मिति भित्र रितपूर्वक पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिल बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| Contract ID | Description of works | Name and address of Contractor | Amount (Exclusive of VAT but Inclusive of PS), NRs |
|---|---|---|---|
| RJKIP/CW/NCB-06/2082/83 | Fencing and Protection Works of Rani Jamara Kulariya Irrigation Project | RCM Construction, Tikapur, Kailali | 19,16,496.23 |
| RJKIP/RTW/NCB-07/2082/83 | Dumping Big Boulder for Command Area Protection Works in Karnali River near Tikapur Park, Tikapur-05, Kailali | Suryadeep-Jeshika-Rapti JV, Shantinagar-06, Dang | 1,05,81,422.88 |
| RJKIP/RTW/NCB-08/2082/83 | Dumping Big Boulder for Command Area Protection Works in Karnali River near Satti Bridge, Tikapur-07, Kailali | Suryadeep-Jeshika-Rapti JV, Shantinagar-06, Dang | 1,08,40,280.83 |

आयोजना निर्देशक

Dhunibeshi Municpality
Office of Municipal Executive
Jugedi, Dhading
Bagmati Province, Nepal

**Invitation for Bids**

**Date of publication:17th Chaitra 2082**
**Invitation for Bids No: 42/GOODS/NCB/DM/2082/83**

1. The **Dhunibeshi Municipality, Dhading** invites electronic bids from eligible bidders for the procurement of **Supply and Delivery of Mini Tiller** under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the **NRs 3000** for the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank:** Rastriya Banijaya Bank, Khanikhola **Office Code no. :** 80330401300
**Office Account no.:**1080100301010003 **Rajaswa (revenue) Shirshak no. :** 14229
3. Pre-bid meeting shall be held at Dhunibeshi Municipality,Dhading at 8th Baishak 2083 on 13:00
4. Electronic bids must be submitted to the office **Dhunibeshi Municipality, Dhading** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00** on **17th Baishak 2083.** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **12:00** on **17th Baishak 2083** at the office of **Dhunibeshi Municipality, Dhading.** Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs 105000,** which shall be valid for 30 days beyond the validity period of the bid
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग, व्यावसायिक कीट विकास केन्द्र
**मौरी विकास केन्द्र**
गोदावरी, ललितपुर

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

प्रकाशित मिति-२०८२/१२/१७

यस मौरी विकास केन्द्र, गोदावरी, ललितपुरले केन्द्रको परिसरमा बाढी पहिरोले भत्केको घेरपर्खाल तथा ढल निकास निर्माण कार्य (ठेक्का नं. ADC/WORKS/NCB/०१-२०८२-८३) का लागि मिति २०८२/१०/०२ मा गोरखापत्रमा प्रकाशित सूचना बमोजिम रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये न्यूनतम् मूल्याङ्कित सारभुत रुपमा प्रभाव ग्राही श्री Four Brothers Group Nepal Construction Pvt. Ltd., Kathmandu को रु.३१,६०,६९६.१० (अक्षरेपी एकतिस लाख साठी हजार छ सय छयानब्बे रुपैया र पैसा दश मात्र भ्याट सहितको) मा उक्त बोलपत्र स्वीकृतका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

Gandaki Province Government
**Ministry of Physical Infrastructure Development & Transport Management**
**Infrastructure Development Office, Syangja**

**Invitation for Bids**

**Date of Publication: 2082-12-17 (2026 March 31)**

Infrastructure Development Office, Syangja invites **online bids** under e-procurement system from eligible bidders for the construction of the projects mentioned below under National Competitive Bidding procedures.

| S. No. | Name of Project | Contract ID | Estimated Cost in NRs. (Inclusive of VAT and PS) | Bid Security (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Bagalthok Ringroad Staronnati Barkobot Khanda Putalibazar 11 Ra Dhadko Chautari Silalbari Bato Nirman Putalibazar 11 | IDOSYANGJA/NCB/W/R/73/082/83 | 4,869,255.54 | 125,000.00 | Re-Bid |
| 2 | Galyang-Chapakot Sadak Marmat Sambhar (Pahilo Khanda), Galyang Na.Pa., Syangja | IDOSYANGJA/NCB/W/R/76/082/83 | 2,434,980.81 | 63,000.00 | Re-Bid |

Last Date of Bid Submission for NCB: **2083-01-03 (2026 April 16), 12:00 P.M.**

All other information and Bid Documents can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

**Office Chief**
**IDO Syangja**

नेपाल सरकार
उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८१/११/२५ मा दर्ता भएको प्रा.लि.नं. ३६२८९४ को **शाम्भवी आमा तथा बच्चा स्वास्थ्य केन्द्र प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।